तिलोत्तमा नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

मणिग्राम, रुपन्देही, ५ नं प्रदेश, नेपाल

**कार्यपालिका वैठक संख्या २३/०७६/०७७ (८८) मितिः २०७७।०२।११ गते ।**

प्रस्तावहरु :

१. कोरोना विशेष विमा तथा थप प्रोत्साहन सम्बन्धमा ।

२. नदीजन्य पदार्थ सम्बन्धमा ।

३. योजना सम्बन्धमा ।

४. स्वरोजगार कार्यक्रम सम्बन्धमा ।

५. सहकारी संस्था दर्ता शुल्क सम्बन्धमा ।

६. समाचार सम्प्रेषण सम्बन्धमा ।

७. प्रधानमन्त्री रोजगार कार्यक्रम सम्बन्धमा ।

८. कोरोना परीक्षण सम्बन्धमा ।

निर्णयहरुः

निर्णय नं.-१

क) कोरोना विशेष विमा सम्बन्धमा देहाय बमोजिम गर्ने निर्णय गरियो।

अ) देहायका कर्मचारीहरुलाई नगरपालिकाले विमा गरिदिने ।

- नगरपालिकामा कार्यरत स्वास्थ्यकर्मीहरु ।
- क्वारेन्टाइन, आइसोलेसन खटिएका कर्मचारीहरु ।
- नगरप्रहरीहरु ।
- नगरपालिकाका हलुका/हेभी सवारी चालक, एम्बुलेन्स चालक तथा भाडामा लिएका गाडीको सवारी चालकहरु ।
- तिलोत्तमा मिडियाक्लवमा आवद्ध पत्रकारहरु ।

आ) माथि उल्लेख नभएका सम्बद्ध सबै पदाधिकारी तथा कर्मचारीहरुलाई कोरोना जोखिम न्यूनीकरण गर्न स्वतस्फूर्त रुपमा विमा गर्न उत्प्रेरित गर्ने ।

ख) नगरक्षेत्रभित्रका स्वास्थ्य चौकी संचालन तथा व्यवस्थापन समितिले नियुक्त गरी न्यून वेतनमा कार्रत प्रयोगशालाकर्मीहरुलाई स्वावको नमूना संकलन कार्यमा खटिएको

माधव प्रसाद शर्मा
प्रमुख प्रशासकीय अधिकृत

वासुदेव घिमिरे
नगर प्रमुख

अवधिमा नेपाल सरकारको प्रचलित स्केल बमोजिमको रकमको १०० प्रतिशत प्रोत्साहन सुविधा उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं.-२

तिलोत्तमा नगरपालिका अन्तर्गत रहेको नदीजन्य पदार्थको सम्बन्धमा देहाय बमोजिम गर्ने निर्णय गरियो ।

क) नगरपालिकाको भैपरी आउने कार्यको लागि नदिजन्य पदार्थ उत्खनन् एवम् संकलन गरी राख्ने सम्बन्धमा ।

- आगामी वर्षातको कारणले नगरक्षेत्रभित्रका कच्ची तथा ग्राभेल सडक क्षती भै आवत जावतमा हुन सक्ने कठिनाइलाई तत्काल सम्बोधन गर्न केही नदीजन्य पदार्थ (मिस्कट) उत्खनन् एवम् संकलन गरी मौज्दात राख्न आवश्यक देखिएको हुँदा तिनाउ नदीको सिमानगर र सुखौरा खोलाको गणेशनगर पुल पश्चिम क्षेत्रबाट उत्खनन् एवम् संकलन गरी घाटगद्दी गर्नका लागि आवश्यक प्रक्रिया अगाडि बढाउने ।

ख) राजस्व असुली वृद्धि गर्न अध्ययन गरी प्रतिवेदन पेश गर्ने सम्बन्धमा ।

- विश्वव्यापी महामारीको रुपमा फैलिएको कोभिड-१९ को कारण यस नगरपालिकाको प्राकृतिक स्रोत लगायत सबै प्रकारका राजस्व असुली प्रक्रिया अवरुद्ध हुन गएको र नदीजन्य पदार्थ उत्खनन् ठेक्का बन्दोवस्तीको कार्य समेत प्रभावकारी रुपमा अगाडि वढ्न नसकेको हुँदा नगर विकासका योजना प्रभावित हुने निश्चित छ । यस्तो अवस्थामा तिनाउ नदीको पूर्वी तटमा नदी उकास भई वर्षौंदेखि थुप्रिएको नदीजन्य पदार्थ संकलन गरी विक्री गर्न सकेमा नगरपालिकको आन्तरिक राजस्व वृद्धी हुने र बजारमा नदीजन्य पदार्थको अभावलाई केही हदसम्म भएपनि न्यूनिकरण गर्न सकिने भएकोले यसका लागि आवश्यक अध्ययन गरी प्रतिवेदन पेश गर्न राजस्व अनुगमन समितिलाई निर्देशन दिने ।

ग) नदीजन्य पदार्थ उत्खनन् गर्दा हुने स्थानीय अवरोध हटाउने सम्बन्धमा ।

- तिलोत्तमा नगरपालिकाको प्रमुख आम्दानीको स्रोतको रुपमा रहेको नदीजन्य पदार्थ उत्खनन् संकलन एवम् विक्री वितरण गर्ने कार्य विगत देखि ठेक्का प्रक्रियाबाट व्यवस्थापन हुने गरेको । ठेक्काबाट उत्खनन् एवम् विक्री गर्ने क्रममा स्थानीय संघ संस्थाहरु (टोल विकास संस्था, क्लव, आमा समूह, विद्यालय आदि) ले अनाधिकृत रुपमा ठेकेदारलाई दवाव दिई स्थानीय विकास निर्माणको नाममा उत्खनन् गरेको मालबस्तु लिने वा नगदै असुली गर्ने र माग पुरा नभएमा ठेकेदारलाई धम्क्याउदै काम गर्न नदिने जस्ता अराजक क्रियाकलाप हुँदै आएको जानकारी प्राप्त भएको

माधव प्रसाद शर्मा

वासुदेव घिमिरे

सन्दर्भमा नदी तटिय क्षेत्रको विकास एवम् स्थानीय पूर्वाधारका कार्यमा सम्बन्धित वडाले प्राप्त गरेको बजेट सिलिङ्गबाट नै सम्बोधन गर्न सकिने नगरपालिकाको निति रहेको हुँदा आगामी दिनमा स्थानीय विकास निर्माणको नाममा विभिन्न स्वार्थ समूहबाट हुने यस्ता अराजक क्रियाकलाप बन्द गराई निर्वाध रुपमा ठेक्काको कार्य सूचारु गर्न नगरपालिकाको कार्यालयबाटै यस सम्बन्धमा आवश्यक सूचना जारी गर्न र अनाधिकृत रुपमा मालबस्तु लिएको पाइएमा सो माल जफत गरी नगरपालिकाको विकास कार्यमा लगाउन र नगद लिएको पाइएमा नगदै जफत गरी नगपालिकाको संचित कोष खातामा जम्मा गर्न/गराउन आवश्यक प्रवन्ध मिलाउने ।

निर्णय नं.-३

**योजना कार्यान्वयनका सम्बन्धमा देहाय बमोजिम गर्ने निर्णय गरियो ।**

- यस अघि दश लाख भन्दा वढी बजेटका निर्माण सम्बन्धी योजनाहरु कार्यान्वयनको लागि पटक पटक ठेक्का सूचना प्रकाशित भएका तर ठेक्का नपरेका योजनाहरु समयमै सम्पन्न गर्न नगरपालिकाको योजना संचालन कार्यविधि अनुसार न्यूनतम् लागत सहभागिता नघट्ने गरी उपभोक्ता समिति मार्फत कार्यान्वयन गर्न सम्भव हुने योजनाहरु उपभोक्ता समितिमार्फत कार्यान्वय गर्ने ।
- उपभोक्ता समितिसँग सम्झौता भएका र योजना सम्पन्न हुने समय समाप्त भएका अथवा आर्थिक वर्षको अन्त्यसम्म निर्माण कार्य सम्पन्न हुने सम्पूर्ण योजनाहरुको म्याद थप गरी असार मसान्तसम्म कायम गर्ने ।
- ठेक्का मार्फत संचालित ठेक्का अवधि सम्पन्न भएका योजनाहरुको हकमा प्रथम पटक म्याद थप हुने योजनाहरु ६ महिनाको लागि र यस अघिनै म्याद थप भएका योजनाहरुको हकमा सामान्यतया लकडाउन भएको अवधि बरावरको समय थप गर्ने।

निर्णय नं.- ४

- नगरक्षेत्रका युवाहरुमा भएको ज्ञान, सीप र क्षमताको सदुपयोग गर्दै उद्यमशिलता, शिर्जनशिलता र सिपको विकास गरी उत्पादन एवम् रोजगारी मार्फत आय आर्जन गरी गरिवी निवारण गर्न २०७७/०१/२४ गते नगरपालिकाबाट जारी गरिएको सहुलियतपूर्ण कर्जाको लागि प्रस्ताव पेश गर्न सूचना जारी गरिएकोमा वडास्तरबाट सिफारिस भई आएका निवेदन सहितको प्रस्तावहरु छनौटका लागि तिलोत्तमा नगरपालिकाको स्वरोजगार कार्यक्रम संचालन कार्यविधि, २०७६ परिच्छेद ६ (९) को व्यवस्था अनुरुप देहायका सदस्यहरु रहेको छनौट समिति गठन गर्ने निर्णय गरियो ।

माधव प्रसाद शर्मा
प्रमुख प्रशासकीय अधिकृत

वासुदेव घिमिरे
प्रमुख

तिलोत्तमा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मणिग्राम, रुपन्देही

| | |
|---|---|
| संयोजन | नगर प्रमुख, श्री बसुदेव घिमिरे |
| सदस्य | नगर उप-प्रमुख, श्री जगेश्वर देवी चौधरी |
| सदस्य | कार्यपालिका सदस्य, श्री राधा शाही |
| सदस्य | कार्यपालिका सदस्य, श्री एच वि रम्तेल |
| सदस्य | वित्तिय संस्था प्रमुख, नेपाल बैंक लिमिटेड, मणिग्राम शाखा |
| सदस्य | नगरक्षेत्रभित्रका सहकारी, श्री सुरेन्द्र बर्मा |
| सदस्य | संस्थाको प्रतिनिधि, श्री धुर्व धिताल |
| सदस्य | आर्थिक विकास शाखा प्रमुख |
| सदस्य सचिव | प्रमुख प्रशासकीय अधिकृत, श्री माधव प्रसाद शर्मा |

निर्णय नं.-५

- तिलोत्तमा नगरपालिकामा दर्ता हुने सहकारी संस्था दर्ता गर्दा रु.१०००।- दस्तुर तोक्ने र यो निर्णय अनुमोदनका लागि आगामी नगरसभामा पेश गर्ने निर्णय गरियो ।

निर्णय नं.- ६

- मिति २०७७ जेष्ठ ७ गतेका दिन यस नगरकार्यपालिका सदस्य एवम् वडा नं.-७ का अध्यक्ष तथा नगरपालिकाको वडा नं.-५ स्थित क्रिमसन हस्पिटलका संचालक श्री दुर्गा प्रसाद पाण्डेले गुल्मी मदाने गाँउपालिका स्थायी घर भई सोही हस्पिटलमा उपचार गराई रहनु भएका एक शिक्षकको कोरोना भाईरसका कारण मृत्यु भएको भनी विहान ७:०० बजेतिर नगर प्रमुख, उप-प्रमुख सहित अन्य जिम्मेवार व्यक्तिलाई सूचना दिनु भएको, त्यस लगत्तै विभिन्न अनलाईन न्युज पोर्टलहरुमा निज विरामीको मृत्यु भएको भन्ने समाचारहरु आएको सन्दर्भमा नगर प्रमुखसँग न्यूज २४ टेलिभिजनबाट सोही घटनाको विषयमा जानकारी माग भएपछि उहाँले बिरामीको मृत्यु भएको जानकारी गराएको पाइयो । नगर प्रमुखले सो घटनाको विषयमा न्युज २४ लाई जानकारी गराए पश्चात् हस्पिटल प्रशासनले निज शिक्षकको मृत्यु नभएको भनी प्रेस विज्ञप्ती जारी गरेको पाईयो । उपचाररत विरामीलाई प्रचलित कानून र मानवीय हिसावले पनि हस्पिटलले औपचारिक रुपमा मृत्यु घोषणा गर्नु पूर्व नै मृत्यु भएको भनी सूचना दिनु आफैमा कमजोरी रहेको र सो कमजोरीलाई नगर कार्यपालिका बैठकमा दुर्गा प्रसाद पाण्डेले आत्मालोचना गरी अब भविष्यमा त्यस खालको कमजोरी नगर्ने भनी आफ्ना भनाई राख्नु भएकोले यस खालको झुठ्ठा अभिव्यक्ति र गैर जिम्मेवारी प्रवृत्तिले सिङ्गो नगर सरकार प्रति नै नकारात्मक प्रभाव पार्ने हुँदा निर्वाचित स्थानीय सरकारको जनप्रतिनिधि तथा हस्पिटलको संचालक जस्तो जिम्मेवार व्यक्तिले

माधव प्रसाद शर्मा
प्रमुख प्रशासकीय अधिकृत

बसुदेव घिमिरे
प्रमुख

आधिकारीक पुष्टि भएका सूचना मात्र नगर प्रमुख, उप-प्रमुख लगायतका जिम्मेवार व्यक्तिलाई दिनुपर्ने, हचुवाको भरमा कुनै प्रकारको जानकारी नदिने र यस नगरपालिकाको जनप्रतिनिधिहरुको आचार संहिता, २०७४ लाई ख्याल गरी भविष्यमा त्यस प्रकारको गल्ती नगर्नको लागि बैठकले कार्यपालिका सदस्य दुर्गा प्रसाद पाण्डेलाई सचेत गराउने सर्वसम्मतिले निर्णय भयो ।

**निर्णय नं.-७**

- नगर कार्यपालिकाको मिति २०७६/११/२० गतेको बैठकको निर्णय नं. ६ (क) मा रहेको बजेटको परिधिभित्र रहि निम्न योजनाहरु समेत थप गरी संचालन गर्ने निर्णय गरियो ।

  क) वडा नं.- ११ को चौकी डाडा सखुई बाटो मर्मत ।

  ख) वडा नं.-१२ को विभिन्न जीर्ण सडक सरसफाई तथा मर्मत

  ग) वडा नं.-१४ को टिकुलीगढ सडक मर्मत ।

**निर्णय नं.-८**

- कोरोना महामारीको सम्भावित जोखिमबाट बच्न संक्रमणको जोखिमलाई प्रवाह नगरी क्वारेन्टाइन, आइसोलेसन, नगरपालिका, विषयगत शाखा तथा वडा कार्यालय लगायतका क्षेत्रमा अग्रपङ्तीमा खटिएका स्वास्थ्यकर्मी, सुरक्षाकर्मी, सवारी चालक, जनप्रतिनिधि, राष्ट्रसेवक कर्मचारी, सरसफाइमा खटिएका कर्मचारी लगायतका व्यक्तिहरुको कोरोना संक्रमण रहे नरहेको सम्बन्धमा (RDT & PCR) परीक्षण गर्ने निर्णय गरियो ।

माधव प्रसाद शर्मा
प्रमुख प्रशासकीय अधिकृत

वासुदेव घिमिरे
नगर प्रमुख